# स्थानीय राजपत्र

## चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६ (संख्या १४) फाल्गुन २० गते २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग-२

# अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति :२०८०/१०/२३

**प्रस्तावना :**

**चामुण्डाबिन्द्रासैनी नगरपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, कृषि तथा पशु सहकारी तथा सास्कृतिक लगायत अन्य क्षेत्रहरुलाई अनुदान प्रदान गरि नगरपालिकाको समग्र सबै क्षेत्रको समुन्नत विकास गर्न र नगरपालिकाभित्रै स्वरोजगारी श्रृजना गर्न नगरपालिकाले प्रत्येक वर्ष उपलब्ध गराउने अनुदान वितरणको प्रकृयालाई व्यवस्थित, पारदर्शी एवं पहुच मुलक बनाउनका लागि आवश्यक कानुन निर्माण गर्न वाञ्छनीय भएकाले,**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि नगरकार्यपालकाले यो कार्यविधि बानइ जारि गरेको छ ।**

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अनुदान" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट यस कार्यविधि बमोजिम तोकिएका क्षेत्रहरुमा वितरण गरिने सशर्त वा निशर्त सम्बन्धी आर्थिक तथा प्राविधिक सहायतालाई सम्झनु पर्दछ ।

(ख) "अनुदानग्राही" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालय, स्वास्थ्यसास्था, सहकारी, उद्योग, कृषि तथा पशुपंक्षी फर्म, उपभोक्ता समिति, कम्पनी, प्रा.लि., व्यक्ति, संघ सास्था आदीलाई सम्झनु पर्दछ ।





(ग) "अनुगमन टोली" भन्नाले यस कार्यविधि बमोजिम वितरण गरिने अनुदान सहायता सम्बन्धी क्रियाकलापहरुको अनुगमन गर्ने टोलीलाई सम्झनु पर्दछ ।

(घ) "उप प्रमुख" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "एकमुष्ठ अनुदान" भन्नाले हाल सम्म कुनै पनि स्वीकृत शिक्षक दरवन्द, राहत शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयलाई प्राप्त हुने अनुदानलाई सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "कार्यसम्पादन अनुदान" भन्नाले विद्यालयले हासिल गरेको उपलब्धिको आधारमा विद्यालयको थप क्षमता अभिवृद्धि गर्न शसर्त आधारभुत अनुदान र एकमुष्ठ अनुदानका अतिरिक्त दिइने थप अनुदानलाई सम्झनु पर्दछ ।

(ज) " कार्यविधि" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ ।

(झ) "जिन्सी" भन्नाले नगरपालिकाले अनुदान स्वरुप वितरण गरेको मूर्त वस्तुलाई सम्झनुपर्दछ ।

(ञ) "न्यायिक समिति" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको न्यायिक समितिलाई सम्झनु पर्दछ ।

(ट) "नगरपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ठ) "नमुना विद्यालय" भन्नाले नेपाल सरकारले नमुना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम छनौट बिकास तथा व्यवस्थापन भएका विद्यालयलाई सम्झनु पर्दछ ।

(ड) "प्रमुख" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ण) "मापदण्ड" भन्नाले अनुदान प्राप्त गर्नको लागि तोकिएको शर्त पूरा गर्ने कागजात/प्रमाण वा अनुगमनबाट देखिने कृषक, कृषक समूह, कम्पनी, उद्योग, फर्म वा अन्य व्यवसायको अवस्थालाई सम्झनु पर्दछ ।

(त) "शसर्त आधारभुत अनुदान" भन्नाले विद्यालयलाई दिइने शिक्षक तलब भत्ता, विद्यालय कर्मचारीहरुको तलब भत्ता, निशुल्क पाठ्यपुस्तक, विद्यालय व्यवस्थापन खर्च, छात्रवृत्ति आदीलाई सम्झनु पर्दछ ।

(थ) "सदस्य" भन्नाले कार्यपालिका सदस्य र नगर सभा सदस्यलाई सम्झनु पर्दछ र सो शब्दले नगर प्रमुख, नगर उप प्रमुख र वडा अध्यक्षलाई समेत जनाउछ ।

(द) "सभा" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ध) "समिति" भन्नाले यस कार्यविधि बमोजिम नगरपालिकाले वितरण गरेको अनुदानको अनुगमन गर्न गठित अनुगमन र मुल्याङ्कन समितिलाई सम्झनु पर्दछ ।

(न) "क्षेत्र" भन्नाले सेवाग्राहीले अंगालेको व्यवसाय, उद्यम वा पेशाको क्षेत्रलाई सम्झनु पर्दछ ।

### परिच्छेद-२
### अनुदानको व्यवस्था तथा अनुदान वितरणको प्रकृया सम्बन्धी व्यवस्था

**३. अनुदानको व्यवस्था गर्नु पर्ने :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिकाले प्रत्येक वर्ष नगरपालिकाको समग्र आर्थिक विकास र रोजगारी श्रृजना तथा सार्वजनिक हित हुने गरि आफ्नो नगर क्षेत्र भित्रका कृषक, उद्यमी, व्यवसायी, निजि फर्म, सहकारी, समुह, उत्पादन मूलक संघ सास्था, स्वास्थ्य संस्था, विद्यालयहरुलाई आर्थिक तथा प्राविधिक सहायता स्वरुप अनुदान वितरण गर्नको लागि अनुदानको

व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान सशर्त र निशर्त गरि दुइ प्रकृतिका हुनेछन् र त्यस्तो रकम नगरपालिकाले नगदमा वा प्राविधिक सहायताको रुपमा वा जिन्सी सामाग्रीको रुपमा वितरण गर्न सक्नेछ ।

(३) नगरपालिकाबाट यस कार्यविधि बमोजिम वितरण गरिने अनुदानको क्षेत्र तथा आकार नगरसभाले निर्धारण गरे बमोजिम वा पारित गरे बमोजिम हुनेछ ।

**४. अनुदान वितरणको प्रकृया सम्बन्धी व्यवस्था :** चामुण्डाबिन्द्रासैनी नगरपालिकाले यस कार्यविधि बमोजिम व्यवस्था गरिएको अनुदान वितरण गर्दा देहाय बमोजिम वितरण गर्नुपर्नेछ :-

(क) अनुदान माग गर्ने सूचना प्रकाशित गर्नु पर्ने : चामुण्डाबिन्द्रासैनी नगरपालिकाको प्रत्येक आर्थिक वर्षमा सञ्चालन हुने अनुदान सम्बन्धि कार्यक्रम अन्तर्गत अनुदान वितरण गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतले सार्वजनिक रुपमा रेडियो, नगरपालिकाको वेभसाइट तथा नगरपालिकाको सूचनापाटी र वडा कार्यालयको सूचनापाटीमा कम्तिमा १५ दिने सूचना प्रकाशित गर्नुपर्नेछ ।

(ख) अनुदान माग गर्न अनुदानग्राहीले निवेदन पेस गर्नु पर्ने : चामुण्डाबिन्द्रासैनी नगरपालिकाको सूचना प्रकाशित गरे बमोजिम तोकिएको समय भित्र अनुदान प्राप्त गर्ने अनुदानग्राहीले प्रस्तावना तयार गरि यस कार्यविधिको अनुसूची-१ बमोजिमको ढाचामा नगरपालिकाको कार्यालयमा निवेदन पेस गर्नु पर्नेछ ।

**५. अनुदानग्राही साग सम्झौता गर्नुपर्ने :** (१) कार्यालयले अनुदानग्राहीको छनौट तथा अनुदान रकमको सिमा निर्धारण भइसकेपछि अनुदानग्राहीसाग अनुसूची २ बमोजिमको ढाचामा सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्नुपर्ने समय, कार्यसम्पन्न गर्नुपर्ने समय, आवधिक रुपमा कार्य सम्पन्न गर्नुपर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम सम्झौता गर्ने अनुदानग्राहीले आफैले गर्नुपर्ने लगानी खर्चको लागि अनुसूची ३ बमोजिमको ढाचामा लागत प्रतिवद्धता गर्नुपर्नेछ ।

**६. अनुदान रकमको सिमा निर्धारण :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट सञ्चालित हुने अनुदानका कार्यक्रम अन्तर्गत अनुदान वितरण गर्दा योजनाको कुल लागत रकमको ५० देखि ७५ प्रतिशत सम्म हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्राकृतिक विपद् वा प्रचलित कानुनमा तोकिंको लक्षित समूह विपन्न, एकल महिला, अपा□ता भएकाहरुका लागि सरकारी संस्था आफैले वा गैर सरकारी संघ संस्थाको साझेदारीमा सञ्चालन हुने कार्यक्रमको हकमा यो कार्यविधि लागु हुने छैन ।

**७. अनुदान वितरण नगरिने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न अनुदान वितरण गरिने छैन :-

(क) कुनै राजनैतिक दल वा सम्प्रदाय विशेषलाई मात्र लाभ पुग्ने,
(ख) सामाजिक सद्भाव खल्वलिने प्रकृतिका कार्य गर्न,
(ग) वातावरण संरक्षणमा प्रतिकुल असर पुऱ्याउने खालका कार्यक्रम सञ्चालन गर्न,
(घ) अन्य कुनै पनि क्षेत्रवाट अनुदान प्राप्त गरेका एउटै काम वा व्यवसाय सञ्चालन गर्न,
(ङ) प्रचलित कानुनको प्रतिकुल हुने अन्य कुनै कार्यक्रम सञ्चालन गर्न ।

**८. अनुदान रकमको बर्गिकरण :** नगरपालिकाबाट सञ्चालन हुने अनुदान कार्यक्रमका लागि वितरण हुने अनुदान रकमको वर्गिकरण देहाय बमोजिम हुनेछ :-





**(क) सामान्य अनुदान :** नगरपालिकाले रु. ३ लाख सम्म अनुदानग्राहीलाई सामान्य अनुदानको रुपमा अनुदान वितरण गर्न सक्नेछ ।

**(ख) न्यून मध्यम अनुदान :** नगरपालिकाले रु. ५ लाख सम्म अनुदानग्राहीलाई न्यून मध्यम अनुदानका रुपमा अनुदान वितरण गर्न सक्नेछ ।

**(ग) मध्यम स्तरको अनुदान :** नगरपालिकाले रु. १० लाख सम्म अनुदानग्राहीलाई मध्यम स्तरको अनुदानको रुपमा अनुदान वितरण गर्न सक्नेछ ।

**(घ) विशेष अनुदान :** नगरपालिकाले रु. १० लाख भन्दा माथि अनुदानग्राहीलाई विशेष अनुदानको रुपमा अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-३

## अनुदानग्राही छनौट समिति र अनुगमन तथा मूल्याक्तन समिति सम्बन्धी व्यवस्था

**९. अनुदानग्राही छनौट समिति :** (१) यस कार्यविधि बमोजिम अनुदान कार्यक्रम सञ्चालन अन्तर्गत वितरण गरिने अनुदानका लागि अनुदानग्राहीले अनुदान माग गरि दिएका निवेदनहरु अध्ययन गरि अनुदानग्राही छनौट गर्न देहाय बमोजिम एक अनुदानग्राही छनौट समिति गठन गरिनेछ :-

(क) नगर प्रमुख -संयोजक
(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
( घ) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य
(ङ) आर्थिक विकास समितिको संयोजक -सदस्य
(च) सामाजिक विकास समितिको संयोजक -सदस्य
(ङ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य
(छ) सम्बन्धित शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिमा सम्बन्धित विषयमा जानकार एक जनालाई आमन्त्रित सल्लाहकार सदस्यका रुपमा आमन्त्रण गर्न सकिनेछ ।

**१०. अनुदानग्राही छनौटका आधारहरु :** यस कार्यविधिको दफा ५ बमोजिम गठित अनुदानग्राही छनौट समितिले अनुदानग्राहीको छनौट गर्दा देहायका विषयलाई आधार मानि बस्तुगत सूचक तयार गरि छनौट गर्नु पर्नेछ :-

(क) कार्यक्रमको आवश्यकता, औचित्य र नतिजा,
(ख) कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत,
(ग) बजेटको उपलब्धता,
(घ) कार्यक्रम सम्पन्न भए पश्चात लाभान्वित हुन सक्ने जनसंख्या,
(ङ) कार्यक्रममा अनुदानग्राहीको लागत सहभागिता,
(च) मितव्ययिता, पारदर्शिता र प्रतिस्पर्धा,
(छ) अनुदानग्राहीको संस्थागत क्षमता,
(ज) कार्यक्रमको दिगोपना,
(झ) व्यक्तिगत, समूह तथा उद्योगको नाममा खाता खोलेको र घरेलु तथा प्यानमा अनिवार्य दर्ता गरेको हुनु पर्ने, साथै चामुण्डाबिन्द्रासैनी नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेको हुनुपर्ने,
(ञ) नगरपालिकाको सम्बन्धित शाखाले तोकेको अन्य मापदण्डहरु ।

**११. अनुगमन तथा मूल्याक्तन समितिको गठन :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट यस कार्यविधि बमोजिम सञ्चालन हुने अनुदानका कार्यक्रमहरुको अनुगमन, नियमन, सहजिकरण, समन्वय तथा मूल्याक्तन गर्नका लागि देहाय बमोजिम एक अनुगमन तथा मूल्याक्तन समिति गठन हुनेछ :-

(क) नगर उपप्रमुख -संयोजक

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य
(ग) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य
(घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य
(ङ) कार्यक्रमसाग सम्बन्धित शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको संयोजकले समितिमा कार्यक्रमसाग सम्बन्धित विषय विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

**१२. काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधि बमोजिम गठित अनुगमन तथा मूल्याक्तन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) अनुदान कार्यक्रमहरुको प्रभावकारी अनुगमन तथा मूल्याक्तन गर्ने,
(ख) अनुदानबाट सञ्चालित कार्यक्रम लक्ष्य र उद्धेश्य विपरित वा अनुदानको दुरुपयोग हनसक्ने अवस्था रहेकोमा रोक्का राख्न सिफारिस गर्ने,
(ग) अनुदानबाट सञ्चालित कार्यक्रमको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने,
(घ) नगरपालिका र अनुदानग्राही निकाय बिच समन्वय गर्ने,
(ङ) अनुगमन तथा मूल्याक्तन समितिको बैठक महिनामा कम्तिमा एक पटक बस्ने व्यवस्था मिलाउने,
(च) अनुदानबाट सञ्चालित कार्यक्रमहरुको कार्यसम्पन्न प्रतिवेदन तयार गरि अनुदानग्राही छनौट समिति मार्फत नगर कार्यपालिकामा पेस गर्ने,
(छ) अन्य आवश्यक कार्य गर्ने ।

(२) अनुगमन तथा मूल्याक्तन समितिले योजनाको अनुगमन र मुल्याक्तन गरि सकेपछि अनुसूची ४ बमोजिमका ढाचामा अनुगमन प्रतिवेदन पेस गर्नु पर्नेछ ।

## परिच्छेद-४
## अनुदान वितरणका क्षेत्रहरु

**१३. विद्यालय अनुदान सम्बन्धी व्यवस्था :** चामुण्डाबिन्द्रासैनी नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुलाई नगरपालिकाबाट सञ्चालन गरिने अनुदानका कार्यक्रम अन्तर्गत प्रचलित संघ तथा प्रदेश कानुन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नगरपालिकाको नगर शिक्षा ऐन, २०७९ र नगर शिक्षा नियमावली, २०७९ को अधिनमा रहि ससर्त आधारभूत अनुदान, एकमुष्ट अनुदान, विज्ञान विषय सञ्चालन गर्ने विद्यालयलाई अनुदान, प्राविधिक तथा व्यवसायिक माध्यमिक विद्यालय सञ्चालन गर्ने विद्यालयलाई अनुदान, नमुना विद्यालयलाई प्रवर्दनात्मक कार्य सञ्चालनका लागि अनुदान कार्यसम्पादनमा आधारित अनुदान लगायतका अन्य अनुदान वितरण गर्न सकिनेछ ।

**१४. विद्यालय अनुदान रकम सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाबाट नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुलाई प्रचलित ऐन कानुनमा उल्लेख भए बमोजिम र नगरपालिकाबाट अनुदानको लागि मनासिव देखिएका देहाय बमोजिम सामुदायिक विद्यालयहरुलाई एकमुष्ट अनुदान रकम उपलब्ध गराउन सकिनेछ :–

(क) हाल सम्म शुन्य दरबन्दी रहेका वा विद्यार्थी संख्याको आधारमा शिक्षक संख्या कम भएका १ देखि ५ सम्म सञ्चालित सामुदायिक विद्यलयहरुलाई बार्षिक एकमुष्ठ रु. एक लाखा देखि तीन लाख सम्म प्रदान गर्न सकिने छ ।
(ख) शुन्य दरबन्दी रहेका वा विद्यार्थी संख्याको आधारमा शिक्षक संख्या कम भएका ६ देखि ८ सम्म सञ्चालित सामुदायिक विद्यलयहरुलाई एकमुष्ठ रु. दुइ लाख देखि पाच लाख सम्म प्रदान गर्न सकिने छ ।
(ग) शुन्य दरबन्दी रहेका वा विद्यार्थी संख्याको आधारमा शिक्षक संख्या कम भएका ९ देखि १०सम्म सञ्चालित विद्यालयहरुलाई एकमुष्ठ रु. तीन लाख देखि पाच





लाख सम्म प्रदान गर्न सकिने छ ।
(घ) प्राविधिक धार सञ्चालन भएको विद्यालयलाई गुणस्तर अभिवृद्धिका लागि वार्षिक रु. पाच लाख देखि पन्ध्र लाख सम्म एकमुष्ट अनुदान उपलब्ध गराउन सकिनेछ ।

(२) विद्यार्थी संख्याको आधार प्रचलित ऐन कानुन तथा नगरपालिकाको नगर शिक्षा ऐन, २०७९ र नगर शिक्षा नियमावली, २०७९ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**१५. शर्त पुरा गर्नुपर्ने :** नगरपालिकाबाट सामुदायिक विद्यालयहरुले अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमका शर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ :–

(क) विद्यालय सुधार योजना प्रत्येक वर्ष अद्यावधिक गरेको हुनुपर्ने,
(ख) लेखा परीक्षण र सामाजिक परीक्षण प्रतिवेदन पेस गरेको हुनुपर्ने,
(ग) तथ्याक्त क्ष्भ:क्ष्व तोकिएको समयमा अद्यावधिक गरेको हुनुपर्ने,
(घ) सम्बन्धित विद्यालयको कुनै तहमा स्वीकृत दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेको हुनुपर्ने,
(ङ) प्रचलित ऐन कानुन बमोजिम तोकिएको विद्यार्थी संख्या भन्दा धेरै भएको हनु पर्ने,
(च) विद्यालयमा पोशाकको अनिवार्यता कायम गरि कार्यान्वयनमा आएको हुनुपर्ने,
(छ) विद्यालय व्यवस्थापन समिति गठन भइ नियमित बैठक बसेको तथा विद्यालयप्रति लगनशिलता र क्रियाशिलता हुनुपर्ने,
(ज) अभिभावकहरुको लगनशिलता र क्रियाशिलता हुनुपर्ने,
(झ) विद्यालय व्यवस्थापन समितिको बैठकबाट प्रस्ताव पेस गर्ने प्रस्तावनाको आधारमा खर्च गर्ने निर्णय भएको हुनुपर्ने,
(ञ) प्रचलित ऐन कानुन बमोजिम विद्यालय सञ्चालनको अनुमति लिएको हुनुपर्ने ।

**१६. निवेदन तथा अन्य आवश्यक कागजात पेस गर्नुपर्ने :** अनुदान प्राप्त गर्न सामुदायिक विद्यालयहरुले नगरपालिकामा देहाय बमोजिम कागजात सहित निवेदन पेस गर्नुपर्नेछ :–

(क) विद्यालय सञ्चालन अनुमति पत्रको प्रतिलिपि,
(ख) सम्बन्धित वडा कार्यालय र नगर शिक्षा शाखाको सिफारिसपत्र,
(ग) चालु शैक्षिक शत्रको विद्यार्थी विवरण,
(घ) अद्यावधिक गरेको विद्यालयको वार्षिक कार्य योजना र विद्यालय सुधार योजनाको प्रतिलिपि,
(ङ) अघिल्लो वर्षको लेखा परीक्षण र सामाजिक परीक्षण प्रतिवेदन प्रतिलिपि,
(च) स्वीकृत दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयको व्यवस्थापन, सञ्चालन र विकासमा सघाउ पुऱ्याउने कार्यक्रम भए निजी श्रोतमा राखिएका शिक्षक कर्मचारीको नियुक्ति तथा शैक्षिक योग्यता सम्बन्धी विवरणको प्रमाणित प्रतिलिपि,
(छ) वार्षिक एकमुष्ठ अनुदान सम्बन्धमा अनुरोध गरेको प्रस्ताव सहितको विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको निवेदन ।

**१७. प्रचलित कानुन बमोजिम हुने :** नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुलाई वितरण गरिने अनुदान सम्बन्धी अन्य व्यवस्था प्रचलित संघ, प्रदेश तथा नगरपालिकाको नगर शिक्षा ऐन, २०७९ र नगर शिक्षा नियमावली, २०७९ बमोजिम हुनेछ ।

**१८. स्वास्थ्य संस्थाहरुलाई अनुदान उपलब्ध गराउन सकिने :** नगरपालिकाले नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुलाई नागरिकहरुसाग सरल, छिटो र सहज स्वास्थ्य सेवाको पहुच पुऱ्याउन आवश्यक अनुदान वितरण गर्न सक्नेछ ।

**१९. कृषि अनुदान वितरण सम्बन्धी व्यवस्था :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिकाले सञ्चालन गर्ने अनुदानका कार्यक्रम अन्तर्गत कृषि अनुदानका रुपमा देहाय बमोजिमका क्षेत्रमा अनुदान वितरण गर्न

सक्नेछ :-

(क) तरकारी खेती,

(ख) नगदे बाली,

(ग) कृषि अनुसन्धान केन्द्र,

(घ) जंगली जनावरबाट क्षेति हुने कृषि बालीको संरक्षण ।

**२०. कृषि अनुदान प्राप्त गर्नका लागि मापदण्ड पुरा गर्नुपर्ने :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट वितरण हुने कृषि अनुदान प्राप्त गर्न चाहाने अनुदानग्राहीहरुले देहाय बमोजिमका मापदण्डहरु पुरा गर्नुपर्नेछ :-

(क) व्यवसायिक कृषि फार्म वा कम्पनी वा समूह, व्यक्ति, सहकारीहरु प्रचलित कानुन बमोजिम नगरपालिकामा दर्ता भएर अनुदानको । (लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, फार्म/कम्पनी/समूह दर्ता नविकरण भएको हुनुपर्नेछ,

(ख) कृषि फार्म/कम्पनी/समूह/सहकारी चामुण्डाबिन्द्रासैनी नगरपालिका भन्दा बाहिरको ठेगानामा दर्ता भएको रहेछ भने सो को शाखा कार्यलय चामुण्डाबिन्द्रासैनी नगरपालिकामा स्थापना भइ नगरपालिकाबाट दर्ता तथा नविकरण गरिएको ईजाजत पत्र हुनुपर्ने छ,

(ग) तरकारी खेति वा नगदे वाली धेरै क्षेत्रफल जग्गामा गरेको हुनु पर्ने र उत्पादन भएको कृषि बस्तु उत्पादन गरि विक्रि वितरणको लागि आन्तरिक र वाहृय बजारको व्यवस्थापनको गहिरो ज्ञान भएको हुनु पर्ने,

(घ) लामो समय देखि कृषि पेशालाई अंगाली व्यवसायिक रुपमा कृषि वस्तु उत्पादन गरि विक्रि वितरण गर्दै आएको हुन पर्ने,

(ङ) विगत तीन चार वर्ष देखि आधुनिक कृषि औजारको (टनेल, कृषि यन्त्र, भण्डारण र प्याकेजीङ आदी) को प्रयोग गर्दै आएको हुनु पर्ने,

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम चामुण्डाबिन्द्रासैनी नगरपालिका क्षेत्र भित्र नगरपालिकाका कृषकहरुको निमित्त उन्नत बिउबिजन परीक्षण गरी उत्पादन गर्ने र सहुलियत दरमा बिऊविजन बिक्रि गर्ने उदेश्य भएको तथा कृषकहरुको उत्पादन गरिएको कृषि बस्तुको बजार व्यवस्थापन गर्ने र कोल्ड सेन्टर समेत अन्य कृषकको हितमा हुने कार्य गर्नको लागि स्थापन भएका कृषि अनुसन्धान केन्द्रहरुलाई नगरपालिकाले देहाय बमोजिमका मापदण्डहरुको आधारमा अनुदान उपलब्ध गराउन सक्नेछ :-

(क) व्यवसायिक फार्म वा कम्पनी वा समूह नगरपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको हुनुपर्ने,

(ख) केन्द्रले न्यूनतम रुपमा कृषि विज्ञ, जे.टि.ए. तथा अनुभव प्राप्त एक जना कृषक सो केन्द्रमा संलग्न भएको हुनुपर्नेछ ।

(ग) कम्तीमा पनि ३ जनाले स्व/रोजगारीको अवसर प्राप्त गर्ने गरी अनुसन्धान केन्द्रको मुख्य कार्यलय चामुण्डाबिन्द्रासैनी नगरपालिका क्षेत्र भित्र नै हुनुपर्ने,

(घ) शित भण्डारण (कोल्ड सेन्टर), तथा अन्य कृषि अनुसन्धानका कार्यहरु गरिरहेको हुनुपर्ने ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम नगरपालिकाको कुनै क्षेत्रमा जंगली जनावरले कृषि क्षेत्रमा हानी नोक्सानी गरि कृषि व्यवसायनै धरापमा पर्न सक्ने अवस्थाको श्रृजना भएको अवस्थामा सो क्षेत्र साग सम्बन्धित क्षेत्रका कृषकहरुले सामुहिक रुपमा संरक्षणको लागि घेरवार तथा छेकवार गर्न अनुदानको लागि निवेदन दिएमा नगरपालिकाले सम्बन्धित वडाको सिफारिसमा कम्तिमा पचास प्रतिशत अनुदान त्यस्तो संरक्षणको लागि उपलब्ध गराउन सक्नेछ र त्यस्तो अनुदान सम्बन्धित क्षेत्रका कृषकहरु र नगरपालिकाको साझेदारीमा मात्र





कार्यक्रम सञ्चालन हुने गरि उपलब्ध गराउनु सकिनेछ ।

(४) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रशारण तथा प्रकाशन गर्दा निर्धारण गर्न सकिनेछ ।

**२१. पशुपंक्षी पालनका लागि अनुदान वितरण सम्बन्धी व्यवस्था :** चामुण्डाबिन्द्रासैनी नगरपालिकाले सञ्चालन गर्ने अनुदानका कार्यक्रम अन्तर्गत पशुपंक्षी पालन व्यवसाय अन्तर्गत नगरपालिकाले देहाय बमोजिमका क्षेत्रहरुमा अनुदान वितरण गर्न सक्नेछ :-

(क) बाखापालन,

(ख) गाईभैंसी पालन,

(ग) बंगुरपालन,

(घ) कुखुरापालन,

(च) मौरी पालन,

(छ) माछा पालन ।

**२२. पशुपंक्षी पालन व्यवसायका लागि अनुदान प्राप्त गर्न मापदण्ड पुरा गर्नुपर्ने :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट वितरण हुने पशुपंक्षी पालन व्यवसाय सञ्चालनका लागि अनुदान प्राप्त गर्न चाहाने अनुदानग्राहीहरुले देहाय बमोजिमका मापदण्डहरु पुरा गर्नुपर्नेछ :-

(क) व्यवसायिक फार्म वा कम्पनी वा समूह नगरपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, फार्म/कम्पनी/समूह दर्ता नविकरण भएको हुनुपर्ने,

(ख) बाखापालन गर्नेहरुले आधुनिक खोरमा कम्तीमा २५ वटा माऊ बाखा, व्याडको लागि उन्नत जातको बोका को पालेको हुनुपर्ने,

(ग) भुईं घास तथा डाले घास रोपेको हुनुपर्ने,

(घ) गाईभैंसी पालन गर्नेहरुले कम्तीमा ५ वटा दुध दुहुनेगाई/भैंसी पालेको हुनुपर्नेछ र व्याडको लागि रागा/गोरु (साढे) हुनुपर्ने,

(ङ) भकारो सुधार कार्यक्रम मार्फत अनुदान प्राप्त गर्न कृषकको गोठमा कम्तीमा २ वटा माउ भैंसी/गाई हुनुपर्नेछ । साथै, कम्तीमा पाच वर्ष देखि गाई/भैंसी पालन गरिरहेको हुनुपर्ने,

(च) कम्तिमा आधा संख्याका भैसीले ३६५ दिन नै दूध दिने चक्रप्रणाली मिलाएर भैसी पालेको हुनुपर्ने,

(छ) गाइभैंसी पालन गर्नेहरुले दूध विक्रिको लागि डेरीसंग सम्पर्क भएका वा दूध विक्रिको सुनिश्चितताका लागि करार डेरी साग करार गरेको हुनु पर्ने,

(ज) कम्तिमा २ जनाले नियमित गोठालोका रुपमा काम गर्ने व्यवस्था भएको हुनुपर्ने,

(झ) बाखा तथा गाइभैसीको वीमा गरेको हुनु पर्ने,

(ञ) बंगुर पालन गर्नेहरुले कम्तीमा ५ वटा बंगुरको माउ पालेको हुनुपर्ने र व्याडको लागि विर पनि पालेको हुनुपर्ने,

(ट) आधुनिक बंगुरको खोर निर्माण गरिएको हुनुपर्ने,

(ठ) फार्म वा खोर राख्ने स्थानले बस्तीलाई असर नगर्ने गरि व्यवस्थापन गरेको हुनुपर्ने ।

(ड) कुखुरा पालन गर्नेहरुले कम्तीमा ३०० वटा कुखुरा पालेको हुनुपर्ने,

(ढ) आधुनिक कुखुराको खोर निर्माण गरेको हुनुपर्ने,

(ण) लोकल कुखुरापालन का लागि कम्तिमा १०० वटा कुखुरा पालेको हुनुपर्ने,

(त) मौरीपालन गर्नेहरुको कम्तीमा २० घार मौरीहरु पालन गरिरहेको हुनुपर्ने,

(थ) माछापालनका लागि पोखरी निर्माण गरी स्वस्थ रुपमा कम्तीमा ५,००० –पााच

हजार) वटा माछाका भुराहरु पालिरहेको हुनुपर्ने,

(द) माछापालन व्यवसाय गर्ने स्थानको वातावरण सफा, स्वस्थ र जिवाणुरहित हुनुपर्ने र काम गर्ने कर्मचारीले सुरक्षा तथा स्वच्छताको लागि प्रयोग गर्नुपर्ने पोशाक तथा उपकरणहरु प्रयोगको लागि एथेष्ठ व्यवस्था गरेको हुनुपर्ने,

(ध) बजारीकरणको अध्ययन प्रतिवेदन हुनुपर्ने,

(न) वातारणमा प्रतिकुल असर नपारिएको, स्थानीय साधसाधियारको स्विकृतीको रहेको हुनुपर्ने,

(प) प्रचलित संघीय/प्रदेश कानून बमोजिम स्वीकृत लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृत लिएको हुनुपर्ने,

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा निर्धारण गर्न सकिनेछ ।

**२३. उद्योगहरुलाई अनुदान वितरण सम्बन्धी व्यवस्था :** स्थानीय श्रोत साधन लगायत आयात गरिएका कच्चा पदार्थको प्रयोग गरि घरेलु, साना तथा मझौला उद्योग स्थापना गरि स्वरोजगारीताको अवसर श्रृजना गर्ने गरि स्थापना भइ सञ्चालनमा रहेको देहाय बमोजिमका उद्योगहरुलाई थप आधुनिक र व्यवस्थित गर्नको लागि नगरपालिकाले अनुदान वितरण गर्न सक्नेछ ।

(क) बेत, बाास र निगालोको सामाग्री उत्पादन गर्ने उद्योग,

(ख) चिज, छुर्पी उत्पादन उद्योग,

(ग) फ्लोर, फिड, राइस, आयल आदी उद्योग,ब्लक, टाइल, स्टोन उद्योग आदी

(घ) टेलरिङ उद्योग,

(ङ) सिकर्मी तालीम केन्द्र (फर्निचर उद्योग),

(च) आरन उद्योग,

(छ) जाम उद्योग,

(ज) साबुन उद्योग,

(झ) होजरी उद्योग,

(ञ) नेपाली कागज उत्पादन (लोक्ति) उद्योग,

(ट) कम्पोष्ट मलखाद उद्योग,

(ठ) जडिबुटीजन्य सुगन्धित तेल प्रशोधन उद्योग,

(ड) अचार उद्योग,

(ढ) छाला, जुत्ता उद्योग,

(ण)द दुना टपरी उद्योग,

(त) दालमोठ, चाउमिन तथा अन्य ड्राइ फुड सम्बन्धी उद्योग आदी ।

**२४. उद्योग व्यवसाय सञ्चालनमा अनुदान प्राप्त गर्न मापदण्ड पुरा गर्नुपर्ने :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट वितरण हुने घरेलु, साना तथा मझौला उद्योग व्यवसाय सञ्चालनका लागि अनुदान प्राप्त गर्न चाहाने अनुदानग्राहीहरुले देहाय बमोजिमका मापदण्डहरु पुरा गर्नुपर्नेछ :-

(क) व्यवसायिक उद्योग वा कम्पनी नगरपालिकामा दर्ता भएर अनुदानको लागि निवेदन पेश गरेको वर्ष सम्म को करचुत्ता भएको, उद्योग/कम्पनी दर्ता नविकरण भएको हुनुपर्ने,

(ख) कम्तीमा पनि ३ देखि ५ जनाले स्व/रोजगारीको अवसर प्राप्त गर्ने गरी उद्योग/कम्पनीको मूख्य कार्यालय यस चामुण्डाबिन्द्रासैनी नगरपालिका भित्र भएको हुनुपर्ने,

(ग) गुणस्तरीय उत्पादन र प्याकेजिंग गर्ने व्यवस्था मिलाएको हुनपर्ने,

(घ) उद्योग, उद्योगको वातावरण सफा, स्वस्थ र जिवाणुरहित हुनुपर्दछ र कर्मचारीले





सुरक्षा तथा स्वच्छताको लागि प्रयोग गर्नुपर्ने पोशाक तथा उपकरणहरु प्रयोगको लागि एथेष्ठ व्यवस्था हुनुपर्ने,

(ङ) अनुदान प्राप्त गर्न यस नगरपालिकामा कम्तिमा दुइ वर्ष देखि उद्योग सञ्चालनमा रहेको हुनुपर्ने,

(च) कारोबारको प्रमाण स्वरुप उद्योगीहरुकोपछिल्लो कारोबारका बिलबिजकलाई आधार मानिने छ ।

(२) अन्य मापदण्डहरु अनुदान वितरण सम्बन्धी सूचना प्रसारण तथा प्रकाशन गर्दा तोकिए बमोजिमको हुनेछ ।

## परिच्छेद-५
## भुक्तानी प्रक्रिया तथा लेखा परिक्षण सम्बन्धी व्यवस्था

**२५. अनुदानको भुक्तानी प्रक्रिया :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिकाको अनुदान वितरण कार्यक्रम अन्तर्गत अनुदानको लागि छनौट भएका अनुदानग्राहीहरुलाई देहाय बमोजम अनुदान रकम भुक्तानी गरिनेछ :-

(क) अनुदानग्राहीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा लगानी अनुपात बमोजिमको अनुदान रकम भुक्तानी गर्नुपर्ने,

(ख) खण्ड (क) बमोजिम भुक्तानी गर्दा एकमुष्ठ भुक्तानी गर्ने र शुन्य पेश्कीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि पााच लाख भन्दा माथिको लागतमा सञ्चालन हुने योजना अन्तर्गत मेसिनरी औजारहरु खरिद गर्नुपर्ने विषयमा सम्बन्धित मेसिनरी उत्पादन वा वितरकसाग नगरपालिकाले आवश्यक समन्वय गरिदिनुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शत प्रतिशत कार्य समपन्न गरेपश्चात अनुदानको एकमुष्ठ रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त नभइ अनुदानको रकम भुक्तानी गरिने छैन ।

(५) बहुवर्षिय कार्ययोजना/परियोजना एवं कार्यक्रमको हकमा कार्य सम्पन्नको प्रतिवेदन हेरि सालवासाली बजेट तर्जुमा हुने व्यवस्था गरिनेछ ।

**२६. लेखा परिक्षण गर्नु पर्ने :** यस कार्यविधि बमोजिम नगरपालिकाबाट सञ्चालित अनुदान कार्यक्रमको लेखा परिक्षण प्रचलित कानुन बमोजिम अनुदान प्रदान गर्ने निकायले गराउनेछ ।

## परिच्छेद-६
## सजाय सम्बन्धी व्यवस्था

**२७. हदैसम्मको कारबाही हुने :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट सञ्चालन हुने अनुदानका कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्नको लागि झुठा कागजातहरु, विवरण दिएर नगरपालिकालाई झुक्याएको, झुक्याउन खोजेको वा झुक्याउन लगाएको पाईएमा निजहरुलाई हदै सम्म कानुनी सजाय हुनेछ ।

(२) उपदफा (१) अनुसारको कसुर प्रमाणित भएमा कसुरदारलाई कानुनी दायरामा ल्याउने अधिकार कार्य समितीको हुनेछ भने सो कार्यको लागि समितीले स्थानीय प्रशासन वा प्रहरीको सहायोग लिन सक्नेछ ।

**२८. अनुदान प्राप्त गर्न रोक लगाउन सक्ने :** (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले गर्न नहुने कार्य गरि कसुरदार ठहरिएको अवस्थामा अनुदानग्राहीको नाममा रहेको फार्म, कम्पनी वा समूह समेतलाई समितीको सिफारिसमा नगरपालिकाले कुनै पनि क्षेत्रको अनुदान प्राप्त गर्न दुई

वर्षसम्म रोक लगाउने र नगरपालिकाबाट प्राप्त हुने सबै खाले सेवा सुविधामा एक वर्ष सम्म रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) अनुसारको सजाय भुक्तान पश्चात पनि पुनः सोही व्यक्ति, फार्म, कम्पनी वा समूह वा उद्योगले पुनः यस कार्यविधि विपरित गर्न नहुने कार्य गरेमा निजलाई प्रदान गरिएको अनुदान सहित बिगो भराई कसुरदार सेवाग्राहीबाट सरकारी बाकी सरह असुलउपर गर्ने निर्णय समितीको सिफारिसमा नगरपालिकाले गर्न सक्नेछ ।

२९. **अनिवार्य असुल उपर गरिने :** (१) कुनै पनि अनुदानग्राहीले नगरपालिकासाग गरेको करार बमोजिम आफ्नो व्यवसाय सञ्चालन नगरेको भनी समितीको प्रतिवेदनमा कारवाहीको सिफारिस भइ आएको खण्डमा नगरपालिकाले कारवाहीको प्रक्रिया अगि बढाउन आदेश दिनसक्नेछ ।

(२) नगरपालिकालाई प्राप्त हुन आएको प्रतिवेदन अनुसार कारवाही अगाडि बढाइ सम्झौता अनुसार कार्य नगरेको पाइएमा नगरपालिकाले प्रदान गरेको अनुदान रकम, प्राविधिक सहायता वा जिन्सीको खर्च असुलउपर गरी सम्झौता भंग गर्ने अनुदानग्राही व्यक्तिबाट सरकारी बाकी सरह उसुलउपर गर्न नगरपालिकाले कार्यपालिकाको निर्णयमा समितीलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) अनुसार व्यक्तिबाट उसुलउपर हुन नसकेको खण्डमा निज व्यक्तिको नाममा रहेको विविध चल अचल सम्पतीबाट असुल उपर गर्न सकिनेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनिह सम्झौता भंग गर्ने सेवाग्राहीको मृत्यु भएको खण्डमा वा आगलागि, भुकम्प, बाढी, पहिरो र डकैती जस्ता काबुबाहिरका कारणले निज सेवाग्राहीले सम्झौता अनुसार आफ्नो उद्यम/व्यवसाय सञ्चालन गर्न असमर्थ भई सम्झौता भंग हुनगएको प्रमाणीत भएमा यो दफा निजलाई लागु हुनछैन ।

३०. **दोषी कर्मचारी वा पदाधीकारीलाई कार्बाही हुने :** (१) नगरपालिकाले कुनै पनि कर्मचारीले जानीबुझीकन, भनसुनको आधारमा वा आफ्नो अधिकारको दुरुपयोग गरी अनुदानको दुरुपयोग भएको प्रमाणित भएमा निज कर्मचारीलाई प्रचलित कानुन बमोजिम गर्न सक्नेछ ।

(२) नगरपालिकाको कुनै पनि पदाधिकारीले जानीबुझीकन, भनसुनको आधारमा वा आफ्नो अधिकारको दुरुपयोग गरी अनुदानको दुरुपयोग भएको प्रमाणित भएमा निज पदाधिकारीलाई आवश्यक कारबाही गर्न समितिले नगरकार्यपालिका समक्ष सिफारिश गर्ने छ ।

## परिच्छेद–७
## विविध

३१. **सहकारीहरुलाई अनुदान वितरण गर्न सकिने :** (१) चामुण्डाबिन्द्रासैनी नगरपालिका क्षेत्र भित्र स्थापना भइ नगरपालिकामा दर्ता भएका सहकारीहरुलाई नगरपालिकाले यस कार्यविधि बमोजिम अनुदान वितरण गर्न सक्नेछ ।

(२) सहकारीलाई अनुदान वितरण सम्बन्धी अन्य प्रकृया नगरपालिकाको सहकारी ऐन बमोजिम हुनेछ ।

३२. **विवरण प्रकाशन गर्नुपर्ने :** कार्यालयले अनुदानग्राहीको छनौटको विवरण आफ्नो वेवसाइट तथा सूचनापाटीमा सार्वजनिक गर्नुपर्नेछ ।

३३. **संघ तथा प्रदेश कानुन बमोजिम हुने :** संघीय सरकारको सशर्त अनुदानबाट प्राप्त कार्यक्रमहरु तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका कार्यक्रमहरु संघीय सरकारवाट स्वीकृत कार्यविधि तथा प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम नै सञ्चालन हुनेछन् ।

३४. **दोहोरो सुविधा लिन नहुने :** एकै प्रकृतिको कामको लागि कुनै एक निकायबाट अनुदान प्राप्त गरिरहेको अवस्थामा नगरपालिकाबाट सोही प्रकृतिको कार्यको लागि अनुदान लिन पाइनेछैन ।

३५. **अनुदानग्राही जिम्मेवार हुने :** कुनै विशेष कारणवस वा काबु वाहिरको परिस्थितिले सम्झौता





अनुरुप तोकिएको समय सिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्ध भएमा वा अनुदानको रकम पुरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

३६. **प्रचलित कानुन बमोजिम हुने :** प्रचलित कानुनको सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरि यस कार्यविधिमा उल्लेख भएका कुराको हकमा यस कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

३७. **संशोधन तथा हेरफेर :** यस कार्यविधिमा आवश्यकता अनुसार नगर कार्यपालिकाले आवश्यक थपघट, संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

३८. **स्वतः खारेज हुने :** यो कार्यविधि तथा यस कार्यविधिका कुनै दफा उपदफा प्रचलित संघ तथा प्रदेश कानुनसाग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज भएको मानिनेछ ।

३९. **खारेजी :** नगरपालिकाको अनुदान सञ्चालन कार्यविधि, २०७४ खारेज गरिएको छ ।

## अनुसूची–१
(दफा ४ को खण्ड (ख) साग सम्बन्धित)
### अनुदान प्राप्तीको लागि दिईने आवेदन फारामको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
चामुण्डाबिन्द्रासैनी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, जम्बुकाधं, दैलेख ।

विषय : अनुदान उपलब्ध गराई पाऊा भन्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाद्वारा प्रदान गरिने कृषि/पशुपंक्षी पालन/माछापालन/घरेलु उद्योग/...................................... अर्न्तगत मेरो/हाम्रो नाममा दर्ता रहेको ....................................................... फार्म/कम्पनी/समूह मिति ........................मा चामुण्डाबिन्द्रासैनी नगरपालिकामा दर्ता भएर हालसम्म ........................................................................................................................................................ का व्यवसायिक क्रियाकलापहरु सञ्चालन गरिएको साथै चामुण्डाबिन्द्रासैनी नगरपालिकाको अनुदान वितरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० को मापदण्ड अनुसार अनुदान प्राप्त गर्न योग्य भएकाले नगरपालिका मार्फत प्रदान गरिने ...................................................... अनुदान कार्यक्रम अर्न्तगत अनुदान प्रदान गरिदिनुहुन तपशिलका कागजात साथ हार्दिक आवेदन गर्दछु/गर्दछौं ।

निवेदकको नाम/थर :
निवेदकको फार्म/कम्पनी/समूहमा बहाल रहेको पद :
निवेदकको ठेगाना :
फार्म/कम्पनी/समूहको नाम/ठेगाना :

तपशिल बमोजिमकाका कागजातहरु संलग्न गरेको छु ।
१. निवेदकको नागरिकताको प्रतिलिपि( १ प्रति,

२ वडा कार्यालयको सक्कल सिफारिश पत्र,
३ फार्म/कम्पनी/समूहको दर्ता प्रमाणपत्रको प्रतिलिपि( १ प्रति,
४ अद्यावधिक करचुक्ता प्रमाणपत्रको प्रतिलिपि( १ प्रति,
(नोट : यस आवेदनमा निवेदन साथ संलग्न हुनुपर्ने कागजातको हकमा यस कार्यविधिमा उल्लेख नभएमा अनुदान वितरण हुने क्षेत्रको आधारमा नगरपालिकाको सम्बन्धित शाखाले प्रचलित कानुन बमोजिम निर्धारण गरे बमोजिम हुनेछ ।)

मिती : २०...........
हस्ताक्षर :

## अनुसूची-२
(दफा ५ को उपदफा (१) साग सम्बन्धित)
### सम्झौता पत्र को ढाचा

चामुण्डाबिन्द्रासैनी नगरपालिका र श्री ........................................... बीच ............................................... कार्यक्रम अर्न्तगत ............................................ नामक फार्म/कम्पनी/समूहले चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. ........ को ............................... टोलमा सञ्चालन गरेको ....................................व्यवसायको लागि सो व्यवसायको स्तर वृद्धि, मात्रामा वृद्धि र व्यवसायिकता वृद्धि गर्ने उदेश्यको साथ चामुण्डाबिन्द्रासैनी नगरपालिकाको तर्फबाट रु ................... (अक्षरेपी ....................रुपैया) को अनुदान .......................... एकमुष्ट लिनेदिने गरी सम्झौता गरिएको छ। उल्लेखित अनुदानको लागि चामुण्डाबिन्द्रासैनी नगरपालिकाले राखेको तपशिलका शर्तहरु बुझेर पालना गर्न प्रतिज्ञारत रहेको भनी यो सम्झौतापत्रमा हस्ताक्षर गरिदिएको छु/छौं।

**सम्झौताका शर्तहरु :**

१. चामुण्डाबिन्द्रासैनी नगरपालिकाबाट जारी भएको अनुदान बितरण तथा व्यबस्थापन सम्बन्धी कार्यबिधि, २०८० पढीबुझी सो को पूर्ण पालना गर्न मन्जुर छु ।
२. अनुदान रकमबाट काम गर्ने स्थलमा नगरपालिकाको सहयोग देखिने र बुझिने गरी होडिंग वोर्ड टांस गर्नेछु ।
३. म, हामीले नगरपालिकामा व्यवसाय दर्ता गरिसकेको छु, छौं । प्रचलित कानून अनुसार नियमित कर तिरि रहेको छु, छौं । प्रचलित कानून बमोजिम नियमित कर तिर्न सहमत छु, छौं ।
३. मैले यो सम्झौता गर्दाका बखत कुनै पनि व्यबसाय गर्ने कामको लागि संघीय सरकार र प्रदेस सरकारबाट अनुदान वा सहुलियत प्राप्त गरेको छैन । यस नगरपालिकाबाट पनि दोहोरो पर्ने गरी कुनै अनुदान लिएको छैन, लिनेपनि छैन ।
४. नगरपालिकबाट प्राप्त अनुदानको रकमबाट आफैले र स्वयं आफ्नै परिवार नै संलग्न भै काम गर्नेछु ।
५. नगरपालिकाले दिएको निर्देशन पालना गर्नेछु । साथै, अनुदान रकम उपयोगको प्रगति बिबरण नगरपालिकालाई ३/३ महिनामा नियमितरुपमा बुझाउने छु । यसैगरी, कार्यसम्पन्नताको अन्तिम प्रतिबेदन पनि बुझाउनेछु ।
६. नगरपालिकाबाट यस सम्बन्धमा जारी हुने भविष्यका शर्त र निदेशन पालना गर्नेछु ।





**माथिको शर्तहरु लाई हुबहु लागु गर्न गराउनको लागि हस्ताक्षर गर्ने,**

| निवेदकको तर्फबाट | चामुण्डाबिन्द्रासैनी नगरपालिकाको तर्फबाट, |
|---|---|
| अनुदानग्राहीको नाम : ....................................... | नाम : |
| हस्ताक्षर : | पद : |
| फार्म/कम्पनी/समूहको नाम : ........................... | हस्ताक्षर : |
| फार्म/कम्पनी/समूह दर्ता नं. : | छाप : |
| अनुदानग्राहीको ठेगाना : | |
| छाप : | |

इति संवत् २० ....... साल रोज ...... शुभम ..........................................................................................।

## अनुसूची-३
(दफा ५ को उपदफा (३) साग सम्बन्धित)
### लागत प्रतिबद्धता पत्र

चामुण्डाबिन्द्रासैनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको मिति .......................................... मा प्रकाशित सूचना बमोजिम चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नं. ... ..................टोल बस्ने श्री ................................ ले .............उद्योग/कृषि तथा पशुपंक्षी फर्म/........./............./............./ व्यवसाय नियमानुसार दर्ता गरि सञ्चालन गरिरहेकोले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम मेरा/हाम्रो .................................................... नामको व्यवसायलाई ..................................... अनुदान कार्यक्रम अन्तर्गत .................. कार्यक्रम सञ्चालनका लागि आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु .................... को ........................... प्रतिशतले हुन आउने रु. ...................... अक्षरुपी रु.......................... बराबरको लगानी आफ्नै श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।
इति संवत् २० ....... साल रोज ...... शुभम ..........................................................................................।

प्रतिवद्धता जाहेर गर्नेको
नाम :
फर्म/उद्योग व्यवसायको नाम :
ठेगाना :
मिति :
हस्ताक्षर :
संस्थाको छाप :


## अनुसूची-५
(दफा १२ को उपदफा (२) साग सम्बन्धित)

### अनुगमन प्रतिवेदनको ढाचा

**अनुगमन गरिएको मिति :**
**अनुगमन गरिएको व्यक्ति/फार्म/कम्पनी/समूह/........ को नाम :**
**अनुगमन गरिएको ठेगाना :**

| | |
|---|---|
| **अनुदान लिएको व्यवसायको क्षेत्र :** | |
| **अनुदानको प्रकृति :** | नगद/जिन्सी/प्राविधिक |
| **व्यवसाय सञ्चालन गर्न पहिले नगरपालिकाबाट अनुदान :** (क) लिएको (ख) नलिएको | |
| **व्यवसायमा भएको खराव र सबल पक्ष :** | |
| **व्यवसायको अवस्था :** (क) नाजुक (ख) अति नाजुक (ग) अत्याधिक नाजुक भइ चेतावनी दिनुपर्ने अवस्थामा रहेको (घ) राम्रो (ङ) अति राम्रो | |
| **अनुदान रकमको वेवास्ता गरिएको भए सो सम्बन्धी जानकारीमुलक विवरण :** | |
| **मूल्याङ्कन :** | |
| **माथिको असल र खराब पक्षको विवरणहरुको अध्ययन पश्चात अनुगमन, मूल्याङ्कन तथा सिफारिस समितिले गरेको मूल्याङ्कनको निर्णय :** | |

**इति संवत् २० ....... साल रोज ...... शुभम .......................................................................................।**



**आज्ञाले**
**भक्त बहादुर मल्ल**
**प्रमुख प्रशासकीय अधिकृत**



खण्ड ६ (संख्या १४) फाल्गुन २० गते २०८०